# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
# National Natural Resources and Fiscal Commission

प. स: ०७४/७५
च. नं. / Ref: ३६३

मिति: २०७५/०३/०५

श्री स्थानीय सरकार,
सबै।

**बिषय: स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिस सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (च) मा भएको व्यवस्था वमोजिम स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा यस आयोगबाट सिफारिस हुने व्यहोरा अवगत नै छ। संविधानको उल्लिखित व्यवस्था अनुरुप आर्थिक वर्ष २०७५/७६ मा स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सिमा देहायबमोजिम हुने व्यहोरा मिति २०७५/०३/०५ को निर्णय (श्रीमान सचिवस्तर) बमोजिम अनुरोध छ।

देहाय:

(क) आगामी आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने,

(ख) आन्तरिक ऋणको परिचालन पूँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा गर्ने,

(ग) साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि आन्तरिक ऋण उपयोग नगर्ने।

(अनिता पौडेल)
उप-सचिव

पूनश्च: आन्तरिक ऋणको सीमा सम्बन्धी विस्तृत प्रतिवेदन हेर्नका लागि http://nnrfc.gov.np/internal-loans मा जानुहुन अनुरोध छ।

सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np